"हरियो वन नेपालको धन"

# श्री मिलन सामुदायिक वन उपभोक्ता समूह

बाँसगढी-६,विजयनगर, दमौली, बर्दिया

## काठ ।दाउरा बोलपत्र द्वारालिलाम विक्रीको सूचना

प्रथम पटक प्रकाशन मिति २०८२।११।१२ गते मंगलबार यस समुहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार आ.ब २०८२।०८३ मा उत्पादन भई डिभिजन वन कार्यालय बर्दियाको च.न.२९७७ ,मिति २०८२।११।१० गतेको लिलाम सहमति पत्रानुसार समुहको घाटगद्धीमा रहेको निम्न परिमाणको गोलिया काठ हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरि बोलपत्र द्वारा लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । इच्छुक काठ ।दाउरामा आधारित उद्योगले सन्चालन गर्ने भनी प्रचलित कानुन बमोजिम दर्ता तथा नविकरण भई नियमावली २०७९ को नियम १२८ बमोजिम सुचिकृत उद्योगले यो सूचना **श्री मिसन टुडे राष्टिय दैनिक पत्रिकामा** प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनको कार्यालय समय भित्र यस समुह वा डिभिजन वन कार्यालय बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरि २२ औं दिनको १२:०० बजे भित्र दाखिला गर्न आह्वान गरिन्छ ।

### तपशिल

(१) वन पैदावारको विवरण :

लट नं.१ (पाईल नं.१)

| सि.न. | जात | ग्रेड | गोलिया थान | परिमाण(घ.फि.) | दर | न्युनतम मुल्य रु. | सँकलन खर्च रु | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | दर | जम्मा रु | |
| १ | सिसौ | A | ५ | ३३.६१ | ७०० | २३५२७ | १४२ | ४७७२.६२ | |
| २ | सिसौ | B | २१६ | ६३५.१८ | ५०० | ३१७५९० | १४२ | ९०१९५.५६ | |
| जम्मा | | | २२१ | ६६९ | १२०० | ३४१११७ | २८४ | ९४९६८ | |

(२) **जम्मा** बोलपत्र खरिद दाखिला गर्नु पर्ने अन्तिम मिति र समय :

(क) खरिद गर्नुपर्ने अन्तिम मिति र समय : २०८२।१२।०२ गते कार्यालय समय भित्र

(ख) दाखिला गर्नुपर्ने अन्तिम मिति र समय : २०८२।१२।०३ गते दिउँसो १२:०० बजे भित्र

(३) बोलपत्र साथ कबोल गरेको रकमको १०% ले हुना आउने रकम बोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समूहको राष्ट्रिय बाणिज्य बैंक लि.बाँसगढी शाखामा रहेको खाता नं.४५६०१०००००३८२००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा बैंक ग्यारेण्टी समावेश हुनुपर्नेछ ।

(४) बोलपत्र फारम प्रति लटको रु.१०००/- पछि फिर्ता नहुने गरि तिरी यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालय र डिभिजन वन कार्यालय बर्दियाबाट खरिद तथा दाखिला गर्न सकिनेछ ।

(५) लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस सामुदायिक वन उपभोक्ता समुहको घाटगद्धी स्थलमा गई हेर्न सकिनेछ ।

(६) लिलाममा भाग लिन काठ ,दाउरामा आधारित उद्योग सन्चालन गर्ने भनि प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली २०७९ को नियम १२८ बमोजिम सुचिकृत इच्छुक उद्योगले बोलपत्र फाराम खरिद गर्दा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ,उद्योग दर्ता प्रमाण पत्रको

नर बहादुर बुढा
अध्यक्ष
श्री मिलन सामुदायिक वन उ.स.

प्रतिलिपी ,मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र वा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाण पत्रको प्रतिलिपी कर दर्ता प्रमाण पत्रको प्रतिलिपी र उद्योग सुचीकृत भएको प्रमाण पत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

(७) निर्धारित न्युनतम संख्याका र रीतपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२।१२।०३ गते यस समुहको कार्यालयमा दिउँसो २:०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ । सो दिन सार्वजनिक बिदा परेमा सो को लगतै भोलिपल्ट खोलिनेछ ।

(८) लिलाम स्विकृत भएपछि नियमानुसार साकार गरेको रकम तथा निर्धारित मुल्य अभिवृद्धि कर सङ्कलन खर्च बुझाई लिलाममा बढाएको वन पैदावार तोकिएको अवधिभित्र उठाय लैजानु पर्नेछ ।

(९) बोलपत्रमा साकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नु पर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

(१०) बोलपत्र सदर वा बदर गर्ने सम्पुर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समुहमा निहित रहनेछ ।

नर बहादुर बुढा
अध्यक्ष
श्री मिलन सामुदायिक वन उ.स.

# आचारसंहिता पालनाबारे सर्वदलीय छलफल

मिसन संवाददाता
जुम्ला, ११ फागुन

जिल्लामा निर्वाचनलक्षित सर्वदलीय छलफल गरिएको छ। फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई सभ्य, शान्त, मर्यादित र धाँधलीरहित वातावरणमा सम्पन्न गर्न सर्वदलीय छलफल गरिएको हो।

छलफलमा सहभागी सरोकारवालाले भने जुम्लामा निर्वाचन आचारसंहिता पालनामा हुन नसकेकाले कार्यान्वयनमा ध्यान दिनुपर्नेमा जोड दिएका छन्। नागरिक समाज जुम्लाका अध्यक्ष राजबहादुर महतले निर्वाचनमा बालबालिकाको प्रयोग भइरहेको बताए। जनप्रतिनिधि आफ्नै पालिकामा प्रचारमा गइरहेको भए पनि मुख्य निर्वाचन अधिकृतको कार्यालयले सूक्ष्म अनुगमन नगरेको उनको गुनासो छ।

'फागुन ४ गतेअघि २५ जनाभन्दा बढी भेला हुन नपाउने, सडक जाम गरेर चुनावी गतिविधि गर्ने, बालबालिकाको प्रयोग गर्ने लगायतका आचारसंहिताविपरीतका गतिविधि भइसकेका छन्,' उनले भने, 'तर यो विषयमा प्रहरी प्रशासन तथा मुख्य निर्वाचन अधिकृतको कार्यालयले बोल्न सकेको छैन। यस विषयमा कडाइ गर्नुपर्छ।'

नेपाल पत्रकार महासंघ जुम्लाका कार्यवाहक अध्यक्ष नौरते नेपालीले आचारसंहिता कागजमै सीमित रहेको उल्लेख गरे। यसमा आचारसंहिता पूर्ण पालनामा राजनीतिक दल र प्रहरी प्रशासनको ध्यानकर्षण हुनुपर्ने उनको भनाइ छ। निर्वाचन शिक्षालाई प्रभावकारी बनाउने, आचारसंहिता पालनामा बेवास्ता गर्ने दलहरूलाई स्पष्टीकरणसमेत नसोधेर छुट दिइएकोप्रति उनले आपत्ती जनाए।

स्थानीय तहका जनप्रतिनिधिले सरकारी सवारीको दुरूपयोग गरी निर्वाचन प्रचारमा गइरहेकाले तत्काल रोक्नुपर्नेमा जोड दिएका छन्। जिल्ला न्यायाधीश तथा मुख्य निर्वाचन अधिकृत आनन्दराज पन्तले हालसम्म निर्वाचन आचारसंहिता पालनाको अवस्था सन्तोषजनक रहेको जानकारी दिए।

तर हालसम्म औपचारिक लिखित उजुरी नआएका कारण दलहरूलाई स्पष्टीकरण नसोधे पनि मौखिक ध्यानकर्षण गराइएको उनले बताए। 'निर्वाचन आचारसंहिता पालनाबारे हालसम्म तीन पटक सर्वदलीय छलफल तथा अन्तर्क्रिया भइसकेको छ,' उनले भने, 'अब पनि आचारसंहिताविपरीत गतिविधि भएमा सिधै कारबाही गरिने छ।'

प्रमुख जिल्ला अधिकारी दीपक पोडेलले जुम्लामा निर्वाचन आचारसंहिता पालनादेखि शान्ति सुरक्षाको व्यवस्था निकै मजबुद बनाइएको बताए। फागुन २१ गतेका दिन ढुक्क भएर मतदान गर्ने वातावरण बनाइएको उनको भनाइ छ। उनका अनुसार फागुन १८ गतेदेखि सुरक्षाकर्मीदेखि कर्मचारीलाई मतदानस्थलमा खटाउने तयारी छ।

जुम्लामा ११० मतदान केन्द्र र मतदानस्थल ८४ वटा मध्ये ५४ वटा मतदान केन्द्र अतिसंवेदनशील रहेका छन्। सामान्य, संवेदशनशील र अतिसंवेदनशील गरी तीन तहमा वर्गीकरण गरी सुरक्षा व्यवस्थापन गरिएको उनले जानकारी दिए।



# मतदान केन्द्र अनुगमन सम्पन्न



मिसन संवाददाता
सल्यान, ११ फागुन

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै सल्यानका सबै मतदान केन्द्रको स्थलगत अनुगमन सम्पन्न भएको छ। कपुरकोट गाउँपालिकाका १० मतदान केन्द्रको अनुगमनसँगै जिल्लाभरका मतदान केन्द्रको निरीक्षण कार्य टुंगिएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ। प्रमुख जिल्ला अधिकारी, जिल्ला निर्वाचन कार्यालय तथा जिल्लास्थित सुरक्षा निकायका प्रमुखसहितको संयुक्त टोलीले मतदानस्थलको अनुगमन गरेको हो।

अनुगमनका क्रममा मतदान केन्द्रको भौगोलिक अवस्था, व्यवस्थापन तयारी, मतदाताको पहुँच, निर्वाचन सामग्रीको उपलब्धता, मतपेटिका संकलन तथा सुरक्षाको व्यवस्थाजस्ता विषयमा विशेष ध्यान दिइएको जनाइएको छ। प्रमुख जिल्ला अधिकारी महेन्द्रकुमार सापकोटाले अनुगमनका क्रममा मतदाता, स्थानीय राजनीतिक दलका प्रतिनिधि, बुद्धिजीवी तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीसँग अन्तर्क्रिया गरिएको जानकारी दिए।

'मतदान केन्द्रको सुरक्षा अवस्था, पहुँचमार्ग, सञ्चार सुविधा तथा आपत्कालीन व्यवस्थापनका विषयमा निरन्तर समीक्षा भइरहेको छ,' उनले भने, 'निर्वाचनको सुरक्षालाई मध्यनजर गर्दै सुरक्षा निकायलाई उच्च सतर्कतामा राखिएको छ।' उनका अनुसार नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल तथा निर्वाचन सुरक्षाका लागि खटिने अस्थायी प्रहरी परिचालनको तयारी पूरा भइसकेको छ।

जिल्ला निर्वाचन अधिकारी धीरेन्द्र भण्डारीले कपुरकोटका १० मतदान केन्द्रको निरीक्षण सम्पन्न भएसँगै जिल्लाका सबै मतदानस्थलको अनुगमन कार्य सकिएको बताए। उनका अनुसार जिल्लामा रहेका ११७ मतदानस्थलमध्ये १७ वटा सामान्य श्रेणीमा रहेका छन्, भने बाँकी अधिकांश स्थल संवेदनशील र अतिसंवेदनशील श्रेणीमा वर्गीकरण गरिएको छ।

जिल्लामा कुल एक लाख ६२ हजार ४४९ मतदाता रहेका छन्। तीमध्ये ८३ हजार ३२१ पुरुष र ७९ हजार १२८ महिला मतदाता छन्। प्रतिनिधिसभा सदस्य पदका लागि जिल्लामा १४ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा रहेका छन्।

# धार्मिक पर्यटनको गन्तव्य त्रिवेणीधाम



मिसन संवाददाता
जुम्ला, ११ फागुन

जुम्लाको तिला गाउँपालिका-४ स्थित त्रिवेणी क्षेत्र धार्मिक पर्यटनको गन्तव्य बनेको छ। त्रिवेणीधाम धार्मिकयात्रामा निस्किनेको रोजाइमा पर्ने गरेको वडाध्यक्ष भद्रवीर सार्कीले जानकारी दिए। तिला नदी र भेरीखोला नदीको सङ्गमस्थलमा रहेको त्रिवेणीधाम विशेषगरी आन्तरिक पर्यटनको रोजाइमा पर्ने गरेको छ।

दुई नदीको सङ्गमस्थल भएकाले त्रिवेणी धामका रूपमा नामकरण गरिएको हो। वडाध्यक्ष सार्कीले भने, 'त्रिवेणीधाम तिला गाउँपालिकाकै प्रसिद्ध धार्मिक क्षेत्र नभएर जिल्लाकै परिचित रहेको छ।' त्रिवेणीधामलाई आन्तरिक तथा बाह्यपर्यटनसँग जोड्नका लागि गाउँपालिकाले गुरुयोजना बनाएको वडाध्यक्ष सार्कीको भनाइ छ।

त्रिवेणीधामलाई थप आकर्षण बनाउनका लागि पर्यटन बोर्डबाट आर्थिक सहयोगले धर्मशालासमेत निर्माण भएका छन्। त्रिवेणी क्षेत्रमा जिल्लाका अरू स्थानीय तहबाट पर्यटक आउने गरेको तिला गाउँपालिका-४ का स्थानीयवासी गोरखबहादुर शाहीले बताए।

ऐतिहासिक धार्मिकस्थलका रूपमा त्रिवेणी रहेकाले धार्मिक पर्यटकको सङ्ख्यालाई बढाउनका लागि गुरुयोजना बनाएर अघि बढेको गाउँपालिका अध्यक्ष मोतीलाल रोकायाले बताए। त्रिवेणीधाम ऐतिहासिक धार्मिकस्थल हो, धार्मिकयात्रामा निस्कने धेरैको गन्तव्य त्रिवेणीधाम पर्ने गर्दछ। त्रिवेणीधाममा साउनमा धार्मिकयात्रामा आउनेको सङ्ख्या उल्लेख्य हुने गर्दछ।

शिवरात्रिमा यहाँ धार्मिक मेला लाग्ने गर्दछ। त्रिवेणीधाम क्षेत्रलाई थप विकास गरी धार्मिक पर्यटकको गन्तव्यका रूपमा देशकै प्रमुख गन्तव्य बनाउन सकिने सम्भावना रहेको गाउँपालिका अध्यक्ष रोकायाको भनाइ छ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/११/१२ गते

यस कम्पनीको मिति २०८१/०८/२० को विशेष साधारण सभाको निर्णय बमोजिम साविकको इलाट प्रो सर्जिकल सप्लायर्स (दर्ता न. ३२९९८७) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा लिनु व्होर्नु पर्ने कर दायित्व आदि परिवर्तित कम्पनीको नाम इलाइट प्रो सर्जिकलले सकार्ने व्होर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८२/०९/२२ मा स्वीकृत भए बमोजिम कायम भएको व्यहोरा सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## काठ दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८२/११/१२ गते

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट संकलन भएर उत्पादन भई चाटगद्दी गरी राखिएको सिसौ जातको ६६८.७९ घ.फि. काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानुपर्ने गरी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक व्यक्ति, संघ/संस्था, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र सिलबन्दी बोलपत्र खरिद गरी २२औं दिनको १२:०० बजे सावउसको कार्यालयमा दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीका लागि सावउसको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

अध्यक्ष
**श्री मिलन सामुदायिक वन उपभोक्ता समूह**
**बाँसगढी न.पा.-६, बिजयनगर, दमौली (बर्दिया)**

## Thatikandh Rural Municipality
## Office of Rural Municipal Executive
Lakandra, Dailekh
Karnali Province, Nepal

### Invitation of Bid

**Date of publication: - 2026 February 24(2082/11/12) at 10:00**
**Last date of bid Submission : - 2026 March 26 (2082/12/12) at 12:00**
**Date of bid opening :2026 March 26 (2082/12/12) at 14:00**

Thatikandh Rural Municipality (TRM), Office of Rural MunicipalExecutive has allocated funds towards the cost of Construction of following Single-Stage: Single-Envelope Bidding Contracts stated in table below. Eligible bidders may obtain further information from the www.bolpatra.gov.np/egp and office website www.thantikandhmun.gov.np. During office hours.

| S.N. | Contract Identification No. | Description of Work | Estimated Cost Including PS and Excluding VAT& Contingency(NRs.) | Bid Security Amount (NRs.) | Bid validity/Bid Security Period/ Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|
| 1 | TRM/DLK/NCB/ MPSY/08/2082/083 | Madantal Punarbharan tatha Sanrakshan Yojana Ward No. 3 | 3,459,862.07 | 1,00,000.00 | 90days/120 days/ NRs.3000 |

**Tulasi Prasad Upadhyaya**
**Chief administrative Officer**

## Shuklaphanta Municipality
## Office Of The Municipal Executive
Jhalaari, Kanchanpur
Sudurpaschim Provience, Nepal

### Invitation for Bids

**(Date of Publication: 2082/11/12(2026/2/24)])**

| Contract ID | Project Description | Estimated Amount (Without VAT) (Nrs) | Bid Bond Security, 120 days Validity (NRs) | Date and Time of Bid Submission | Date and Time of Bid Opening |
|---|---|---|---|---|---|
| SMP/082-83/ NCB/IR/06 | Collection of Internal Revenue from Extraction of Construction Materials from Anaukhi Khola ward no 8 in Shuklaphanta Municipality | 6437070.00 | 321853.50 | 2082/11/27 (2026-March-11) 12:00 PM | 2082/11/27 (2026-March-11) 1:00 PM |
| SMP/082-83/ NCB/IR/26 | Collection of Internal Revenue from Extraction of Construction Materials from Gaudi Khola ward no 8 in Shuklaphanta Municipality | 5999455.20 | 299972.76 | 2082/11/27 (2026-March-11) 12:00 PM | 2082/11/27 (2026-March-11) 1:00 PM |

**Cost of bidding document: Rs.3000 should be deposited at:**
√ Name of the Bank: Everest bank ltd, Jhalari branch, Kanchanpur
√ Name of Account: GA-1.1 AANTARIK RAJASWA KHATA
√ Office Account No.: 05910106200002
√ Revenue Code:14529

**Bid bond Security amount should be deposited at :**
√ Name of the Bank: Everest bank ltd, Jhalari branch, Kanchanpur
√ Name of Account: GA-3 STHANIYA TAHA DHARAUTI KHATA
√ Office Account No.: 05910106200016

**Chief Administrative Officer**